# मुनाल

नेपाल पन्छी संरक्षण संघ

त्रैमासिक पत्रिका | वर्ष १६ | अङ्क १/२ | बैशाख/असोज २०७२


## संकटमा राजधनेश


– कृष्णप्रसाद भुसाल


राजधनेश नेपालको वन्यजन्तु संरक्षण ऐनद्धारा संरक्षित पन्छी हो। राजधनेश समुन्द्र सतहबाट करीब २५० मी उचाइँसम्म नेपालको मुख्यतयाः चितवन राष्ट्रिय निकुञ्जमा पाइन्छ। अङ्ग्रेजीमा ग्रेट हर्नबिल भनिने राजधनेश धनेशहरूमध्ये सबैभन्दा ठूलो पन्छी हो। यो पन्छी मुख्यतयाः फलफूलका रुखहरू भएको तराईका सदाबहार विकसित चौडापाते जङ्गलमा बस्ने गर्दछ। प्रायःजसो सानो सानो झुन्डमा देखिने यो पन्छी हेर्दा निकै नै सुन्दर र आकर्षक हुन्छ। नेपालका अलवा यो चरा दक्षिण पूर्वी एसिया भारत, थाइल्याण्ड, म्यानमार, मलाया, सुमात्रामा पनि पाइन्छ। राजधनेश नेपालको राष्ट्रिय सङ्कटापन्न सूचीमा सुचीकृत पन्छी हो भने आई.यू.सी.एन.को खतरा सूची अनुसार





सङ्कटको नजिक रहेको प्रजाति हो। राजधनेशलाई साइटिस अनुसूची-१ मा सुचीकृत गरिएको छ। यस अनुसूचीमा अन्तर्राष्ट्रिय व्यापारका कारण अति सङ्कटापन्न अवस्थामा पुगेका प्रजातिहरू पर्छन् र तिनको व्यापारमा पूर्ण प्रतिबन्ध लगाइएको छ। नेपालमा राजधनेशका अलावा सानो धनेश र कालो धनेश पनि पाइन्छन्।

गुँड निर्माण र ओथारो प्रक्रियामा अनौठो स्वभाव देखाउने राजधनेशले ठूला र पुराना रुखको टोड्कोमा गुँड बनाई वर्षायाममा प्रजनन् गर्ने गर्दछ। राजधनेशको भालेले अण्डा पारेपछि बच्चा नहुर्कन्जेलसम्म पोथीसँगको मिलेमतोमा उसलाई टोड्कोमै थुनेर राख्दछ। धनेश दम्पतिले हिलो र पोथीको बिष्टाको सहयोगमा टोड्काको मुख पुरै टाल्छन् र त्यसमा बनाईएको सानो प्वालबाट पोथीले हावा र आहारा लिने गर्दछे। उक्त ओथारो अवधिभर भालेले पोथीलाई नियमित रूपमा बाहिरबाट आहारा खुवाउँने गर्दछ। सम्भवतः यहि स्वभावको कारणले होला राजधनेशलाई पत्नीव्रता पन्छी पनि भनिन्छ। बढीमा दुईवटासम्म अण्डा पार्ने पोथी चालीस दिनसम्म ओथारो बस्ने गर्दछे। ओथारो बसाइ अवधिमा पोथीको प्वाँखहरू झरेर कुरूप हुन्छन र त्यसपछि भने यिनीहरूको सुन्दरतामा पुनर्ताजगी तथा निखारता आउँछ। करीब दुई महिना पछिमात्र बच्चा उड्न सक्षम हुन्छ। जोडी जोडिसकेपछि राजधनेशका भाले पोथीले एकअर्कालाई दीर्घकालसम्म साथ दिने गर्दछन्। कुनै भालेले अर्कै पोथीको बलात्कार वा जबरजस्ती गरेमा पोथीले आत्महत्या गर्ने र उक्त भालेलाई समुदायका अन्य सदस्यहरूले मृत्युदण्ड दिने गर्दछन्। पैंतीस वर्ष वा सोभन्दा बढी आयु हुने यी पन्छी उडानको बेला पखेटाको फट्फट् आवाज निकाल्दछन् जुन आवाज करीब एक किलोमिटर टाढासम्म पनि सुन्न सकिन्छ।

प्रकृतिमा भएका कतिपय हानिकारक किरा फट्याङ्ग्रा तथा माउसुलीहरू खाई यस पन्छीले पर्यावरणीय सन्तुलन तथा खाद्यचक्र गतिशील राख्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। त्यसैगरी यस पन्छीले विभिन्न बिरुवा तथा फलफूलको बीउ बिस्तार र वितरणमा पनि उल्लेख्य योगदान गर्दछ। हेर्दा आकर्षक हुने तथा दुर्लभ पन्छी भएकोले यसलाई हेर्न थुप्रै पर्यटकहरू लालायित हुन्छन् जसले पर्यापर्यटनलाई थप टेवा पुऱ्याउँछ। पछिल्ला दशकहरूमा जनसङ्ख्या बृद्धिसँगै वन बिनास र अतिक्रमण, बढदो शहरीकरण, सडक, बाँध निर्माणले गर्दा बासस्थान खण्डीकरणसँगै ठूला र पूराना रुखहरूको अभावले राजधनेशको सङ्ख्या दिनानुदिन घटिरहेको छ। चोरी शिकारका कारण यी पन्छीहरू लोपोन्मुख अवस्थामा पुगेका छन्। मासु र यसको आकर्षक शिरका लागि अवैधानिक शिकार गरेको भेटिन्छ। नेपाल तथा भारतका कतिपय आदिबासी समुदायले यसको ठोँड् प्वाँख र शिरलाई आफ्ना परम्परागत संस्कार तथा रीतिरिवाजमा प्रयोग गर्ने गर्दछन्। राजधनेश पर्यावरणीय सन्तुलनको आधार, जैविक विविधताको महत्वपूर्ण सूचक र पर्यापर्यटनको प्रमुख आकर्षण मात्र होइन, लाखौँ मानिसहरूको धार्मिक र सांस्कृतिक आस्थाको पुञ्ज पनि हो। यसर्थ राजधनेशको जैविक, पर्यावरणीय तथा सांस्कृतिक महत्वको बारेमा सबैतिर जनचेतना अभिबृद्धि गर्नु जरुरी छ। चोरी शिकारका कारण राजधनेशको सङ्ख्या तीव्र गतिमा घटेकोले त्यस्ता कार्यलाई निरुत्साहित र कडा प्रतिबन्ध लगाउँनुका साथै पक्राउ तस्करहरूलाई राजनैतिक संरक्षण होइन कानून बमोजिम सजाय हुनुपर्दछ। अन्यथा राजधनेश यस धर्तीबाटै लोप भएर जाने छ भने त्यसको कारक पुस्ता हामी हुनेछौँ र एक सहजीवीको सम्झना कथा र तस्वीरमा मात्र सिमित हुनेछ। राजधनेशको संरक्षण तथा वैज्ञानिक बासस्थान, व्यवस्थापन र चोरीशिकार नियन्त्रणमा स्थानीय समुदाय, सरकारी तथा गैरसरकारी निकाय, संरक्षणकर्मी सबैले सहकार्य गरी जैविक सन्तुलन कायम गरौँ।

*परियोजना अधिकृत*
*नेपाल पन्छी संरक्षण संघ*
*लाजिम्पाट, काठमाण्डौ*



# चराहरू

*साँझ झमक्क पर्दा*
*एक हूल चराहरूआए।*
*चुच्चोमा च्यापेर*
*दिनभरी खोस्रिएका*
*दानाहरू र किराहरू र फलफूलका टुक्राहरू.....*
*गुँडमा मुख बहाएका*
*आफ्ना सन्तानलाई खुवाउन*
*एक हुल चराहरू*
*साँझ घर फर्किए॥*

*एउटा ठूलो रुखमा*
*बचेराहरू च्याँ-च्याँ,*
*र, चीँ-चीँ गर्न थाले।*
*मुख बहाएर*
*एक तमासले कराउन थाले॥*

*चराहरूले दिनभरीका चाराहरू*
*के ओकल्न थालेका थिए*
*अचानक छेउैबाट*
*ठूलो आवाज आयो।*
*ड्याम्म - ड्याम्म*
*शिकारीले बन्दुक पड्कायो*
*केहि चराहरू भूर्र उडे,*
*केहि चराहरू भुइँमा छटपटाउन थाले।*
*सबै चाराहरू पोखिए॥*

*बचेराहरू*
*आँशु झार्दै भुइँमा*
*छटपटाइरहेका बा-आमालाई हेरिरहे।*
*उनीहरू कराइरहे*
*उनीहरूको पीडा*
*आकाश भरी गुन्जियो॥*

*बिचरा बचेराहरू*
*त्यस रात पनि*
*भोकभोकै सुते*
*जून हेरेर॥*

हेम बहादुर कटुवाल
*अनुसन्धान अधिकृत*
*पन्छी संरक्षण संघ*
*काठमाण्डौ*





# समाचार संक्षेप

## सामुदायिक वन व्यवस्थापन कार्ययोजनामा गिद्ध संरक्षण कार्यसूची संयोजन

१६ मार्च, २०१५ मा मदनपोखरा, पाल्पाको अँधेरी चरचरे सामुदायिक वनमा रहेका गिद्ध संरक्षण सम्बन्धी कार्यसूचीलाई सोही सामुदायिक वनको कार्ययोजनामा समावेश गर्ने विषयमा एकदिने अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। मदनपोखरा, पाल्पाको अँधेरी चरचरे सामुदायिक वन "डङ्गर गिद्ध" को बासस्थान रहि आएको छ। छलफल पश्चात् जिल्ला वन कार्यालयका प्रमुख प्रकाश लम्सालले प्रस्तावित कार्यसूचीलाइ अँधेरी चरचरे सामुदायिक वन व्यवस्थापन कार्ययोजनामा समर्थन एवम् पारित गर्नुभयो। साथै यस किसिमका कार्ययोजना समावेशीकरणबाट दिगो संरक्षणमा सहयोग पुग्ने कुरामा जोड दिनुभयो। कार्यक्रममा जिल्ला पशुसेवा कार्यालय - पाल्पा, जिल्ला कृषि विकास कार्यालय - पाल्पा, राजनैतिक नेता, पत्रकार, समाजसेवी, समुदायिक वन उपभोक्ता समिति र स्थानीय बासिन्दा गरी जम्मा १४८ जनाको सहभागिता रहेको थियो।

## खरमुजुर संरक्षणको राष्ट्रिय कार्यशाला सम्पन्न

नेपाल पन्छी संरक्षण संघको सहयोगमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले २६ मार्च २०१५ मा सौराहा, चितवनमा नेपालमा 'खरमुजुर संरक्षण' को बारेमा राष्ट्रिय सम्मेलन सम्पन्न गरेको छ। उक्त कार्यशालामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, कोशी टप्पु वन्यजन्त आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा वन्यजन्तु आरक्ष, नेपाल पन्छी संरक्षण संघ, राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विविधता संरक्षण केन्द, WWF Nepal , TAL/ IUCN, पन्छी शिक्षा समाज, बर्दिया प्रकृति क्लब, नेचर गाइड एसोसिएसन शुक्लाफाँटा, मध्यवर्ती क्षेत्र परिषद (चि.रा.नि) लगायतका संस्थाहरूको प्रतिनिधिहरू गरी कुल ५८ जनाको सहभागिता रहेको थियो।

ज्योतेन्द्र ज्यू ठकुरी, डा. नरेन्द्रमान बाबु प्रधान, नुरेन्द्र अर्याल र डा. झमक कार्कीले नेपालमा खरमुजुरको अवस्था, खरमुजुरको अनुगमन, घाँसेमैदानको प्रस्तावित अनुसन्धान तथा तराईको घाँसेमैदानका संक्षिप्त जानकारी र अनुसन्धानको आवश्यक्ता जस्ता महत्वपूर्ण विषयमा आफ्नो प्रस्तुति दिनुभयो।

डा. यम मल्लले कार्यशालाको विषयमा आफ्नो छोटो मन्तव्य राख्नुभयो। त्यसैगरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष विभागका योजना अधिकृत तुलसीराम शर्माले



सबै सहभागीलाइ धन्यबाद व्यक्त गर्दै कार्यशालाका सभापति कमलजंग कुँवरले आफ्नो सल्लाह सुझाव राख्दै कार्यशाला समापनको घोषणा गर्नुभएको थियो।

नेपाल पन्छी संरक्षण संघको 'खरमुजुर संरक्षण' परियोजनालाई The Defra – UK Darwin Initiative Program ले सहायता गरेको छ।

## खरमुजुरको बासस्थानको अध्ययन र अनुगमन सम्बन्धी कार्यक्रम

नेपाल पन्छी संरक्षण संघले १२-१३ अप्रैल २०१५ मा पिठौली, नवलपरासीमा रहेका "गिद्ध सुरक्षित आहार केन्द्र" मा खरमुजुरको बासस्थानको अध्ययन र अनुगमन सम्बन्धी तालिम कार्यक्रमको आयोजना गरेको थियो। उक्त कार्यक्रमको प्रमुख उद्देश्य भनेको स्थानीय पथप्रदर्शक, सरोकारवाला निकाय र साझेदारी संस्थाहरूलाई वैज्ञानिक तवरले खरमुजुरको बासस्थानको अध्ययन र अनुगमन कसरी गर्ने भनेर जानकारी गराउनु रहेको थियो। खरमुजुर पाइने क्षेत्रहरू (कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा वन्यजन्तु आरक्ष) लाई प्रतिनिधित्व गर्दै उक्त तालिममा ६ जनाको उपस्थिति रहेको थियो। तालिमको पहिलो दिन सैद्धान्तिक कुरा र अर्को दिन प्रयोगात्मक विधि सिकाइएको थियो। कार्यक्रमका प्रशिक्षक र संयोजक खरमुजुर परियोजनाका अनुसन्धान अधिकृत हेम बहादुर कटुवालले गर्नु भएको थियो।



## अर्घाखाँचीमा जिल्ला स्तरीय सरोकारवालाको अन्तरक्रिया कार्यक्रम

अर्घाखाँचीको सन्धीखर्कमा २० अप्रिल २०१५ मा एकदिने अन्तरक्रिया कार्यक्रम गरिएको थियो। यो कार्यक्रम नेपाल पन्छी संरक्षण संघको सहयोगमा गर्ता खरेखोला सामुदायिक वन उपभोक्ता समितिले गरेको थियो। उक्त कार्यक्रममा अर्घाखाँची गिद्ध संरक्षणको अवस्था र नेपालको सन्दर्भमा गिद्ध संरक्षणका चुनौतिका बारेमा छलफल गरिएको थियो। त्यसका साथसाथै उक्त कार्यक्रममा गिद्ध संरक्षणमा सरोकारवालाहरूको भूमिकाको बारेमा छलफल गरिएको थियो। उक्त कार्यक्रममा विभिन्न संघसंस्थाको प्रतिनिधि गरी ४५ जनाको सहभागिता रहेको थियो।

## एघारौँ राष्ट्रिय गिद्ध सर्वेक्षण कार्यक्रम

नेपाल पन्छी संरक्षण संघले तराईको तल्लो भागमा पूर्व पश्चिम राजमार्ग अन्तर्गत



झापाको काँकडभिट्टादेखि कञ्चनपुरको गैँडाचौकी सम्मको १०१० कि. मि. को क्षेत्रमा वार्षिक गिद्ध सर्वेक्षण गरेको छ।



उक्त सर्वेक्षण ६ मेदेखि २४ मेसम्म गरिएको थियो। सर्वेक्षणको क्रममा गाडीको गति २० कि. मि. प्रति घण्टा रहेको थियो भने सडकको दुबै भागको १००० मि. क्षेत्रफलभित्र फेला पारिएको तथा देखिएको गिद्धलाई समावेश गरिएको थियो। तराईको तल्लो भेग सँगसँगै सर्वेक्षण टोलीले पहाडी सडक खण्ड अन्तर्गत लमही, तुलसीपुर, सल्यान, रुकुम, भालवाङ्, प्युठान, रोल्पा, प्युठान, अर्घखाँची, गुल्मी, पाल्पा र पाल्पा, स्याङ्जा, पोखरा, दमौली, मुग्लिङ् क्षेत्रमा पनि सर्वेक्षण गरेको थियो।

यस सर्वेक्षण कार्यक्रमलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र RSPB, UK को सहयोग रहेको थियो। यस सर्वेक्षण अनुसार नारायणघाट र महेन्द्रनगर अन्तर्गत ७१ डङ्गर गिद्ध पाइएको छ जुन सङ्ख्या गत वर्षको तुलनामा बढेको पाइएको छ। पछिल्लो सालको सङ्ख्या ६८ रहेको थियो। सन् २००२ को पहिलो सर्वेक्षणमा करिब २०५ गिद्धहरू पाइएको थियो भने सो सङ्ख्या सन् २००६ मा आइपुग्दा ५५ मा झरेको थियो।

## कपिलवस्तुमा गिद्ध संरक्षण अन्तरक्रिया कार्यक्रम

२६ मे, २०१५ मा कपिलवस्तुको राजापानीमा गिद्ध संरक्षण अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा राजापानी सा.व.उ.स. कपिलवस्तु, नेपाल पारा भेटेरीनरी एण्ड लाइभस्टक एसोसिएसन कपिलवस्तु तथा RSPB Project अन्तर्गत नेपाल पन्छी संरक्षण संघको संयुक्त पहलमा गरिएको थियो। सो कार्यक्रम कपिलवस्तुको राजापानी सामुदायिक वनमा आयोजना गरिएको थियो जहाँ डङ्गर गिद्धको ठूलो सङ्ख्यामा गुँडहरू (८२ गुँड) रहेको छ।

कार्यक्रममा विभिन्न क्षेत्र जस्तै सामुदायिक वन समिति, आमा समूह, युवा क्लब, स्थानीय नेता लगायतका सहभागिता रहेको थियो। कार्यक्रमलाइ सहजीकरण गर्ने कार्य नेपाल पन्छी संरक्षण संघका फिल्ड अधिकृत भुपाल नेपाली तथा NEVLA का अध्यक्ष युवराज घिमिरेले गर्नुभएको थियो। कार्यक्रममा राजापानी सामुदायिक वन उपभोक्ता संघका सदस्यहरूले सामुदायिक वन कार्ययोजनामा गिद्ध संरक्षण कार्यक्रमलाई राख्नुपर्ने कुरामा जोड दिनुभएको थियो।

## पाल्पामा गिद्ध संरक्षणका लागि समुदाय तथा विद्यालय सचेतना अभियान सम्पन्न

नेपाल पन्छी संरक्षण संघले १ जुन, २०१५ मा रामपुर, पाल्पाको श्रीगंगा उच्च माध्यमिक विद्यालयमा गिद्ध संरक्षणको अवस्था, चुनौति र भूमिकाको विषयमा अन्तरक्रिया कार्यक्रम राखेको थियो। उक्त कार्यक्रममा जिल्ला पशु सेवाका कार्यालय प्रमुख तुलसी राम भण्डारी, जिल्ला वन कार्यालयका सहायक वन अधिकृत ज्योतिप्रसाद कोइराला, अँधेरी छरछरे सामुदायिक वनका दिलमाया सिँजाली र बुद्धि बस्याल, खैरेनी सामुदायिक वनका प्रतिनिधि र शिक्षक, विधार्थी गरी कुल १०५ जनाको सहभागिता रहेको थियो। नेपाल पन्छी संरक्षण संघका फिल्ड अधिकृत भुपाल नेपालीले गिद्धको महत्व, गिद्ध संरक्षणका चुनौती र गिद्ध संरक्षणको लागि पन्छी संरक्षण संघको पहलहरूका विषयहरूमा आफ्नो प्रस्तुती दिनुभएको थियो। कार्यक्रमका प्रमुख अतिथि तुलसीराम भण्डारीले गिद्धको लागि हानिकारक "डाइक्लोफेनेक" तथा पशु उपचार र गिद्धलाइ असर नगर्ने "मेलोक्सिक्याम" को विषयमा आफ्नो प्रस्तुती राख्नु भएको थियो। त्यसैगरी जिल्ला वन सहायक अधिकृत ज्योति प्रसाद कोइरालाले गिद्ध संरक्षणमा विद्यार्थीको भूमिका, वासस्थान व्यवस्थापन तथा गिद्ध संरक्षण कार्यक्रमलाइ अतिरिक्त विद्यार्थी क्रियाकलापमा समावेश गर्नुपर्ने विषयमा आफ्नो प्रस्तुती दिनुभएको थियो। सोही कार्यक्रममा गिद्ध संरक्षणमा स्थानीयवासीको भूमिकाको विषयमा पनि छलफल भएको थियो।




## अर्घाखाँची र पाल्पामा जनचेतना कार्यक्रम

पाल्पाको रामपुरमा अवस्थित "डङ्गर गिद्ध" को प्रमुख बासस्थानको रूपमा रहिआएको खैरेनी सामुदायिक वनमा रहेका गिद्धहरूको संरक्षणका विषयमा एकदिने अन्तरक्रिया एवम् जनचेतना कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रम १ जुन, २०१५ मा सम्पन्न गरिएको थियो। जिल्ला पशुसेवा कार्यालय पाल्पाका प्रमुख डा. तुलसीराम भण्डारी र जिल्ला वन कार्यालयका सहायक वन अधिकृत ज्योती प्रसाद कोइरालाले लोपोन्मुख गिद्धका सङ्ख्या र त्यसको संरक्षणमा समुदायको भूमिकाका बारेमा विचार व्यक्त गर्नुभएको थियो। विभिन्न संघ-संस्थाको प्रतिनिधि गर्दै कुल ३१ जनाको सहभागिता रहेको यस कार्यक्रममा पशुसेवा कार्यकर्ता, सामुदायिक वन उपभोक्ता समिति, किसान, स्थानीय समूह र आमा समूहको विशेष उपस्थिति रहेको थियो। यसै कार्यक्रम मार्फत् खैरेनी सामुदायिक वन उपभोक्ता समिति रामपुर, पाल्पाका सदस्यहरूले प्रस्तावित गिद्ध संरक्षण कार्यसूचीलाई यहि वर्षबाटै खैरेनी सामुदायिक वनको व्यवस्थापन कार्ययोजनामा रूपाइत गर्ने प्रतिबद्धता जनाएका थिए।

साथसाथै Red-Headed Vulture को प्रमुख बासस्थान रहेको पाल्पाको कार्तिके सामुदायिक वनका स्थानीय बासिन्दामाझ पनि जनचेतना कार्यक्रम आयोजना गरिएको थियो। २७ जुलाई २०१५ मा पाल्पाको लुहुङ्गमा आयोजना गरिएको यस कार्यक्रममा स्थानीय सरकारी निकाय, राजनैतिक नेता, सामुदायिक वन उपभोक्ता समिति, पशुसेवा समुदाय, शिक्षक शिक्षिका, स्थानीय समुह र आमा समूह गरी १११ जनाको सहभागिता रहेको थियो।



## गिद्ध संरक्षण विषयमा अन्तरक्रिया कार्यक्रम

१ जुन २०१५ मा पाल्पाको रामपुरमा गिद्ध संरक्षण विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना भएको थियो। कार्यक्रम जिल्ला वन कार्यालय, पशुसेवा कार्यालय पाल्पा र नेपाल पन्छी संरक्षण संघको संयुक्त सहकार्यमा आयोजना गरिएको थियो। गिद्ध संरक्षण अन्तरक्रिया कार्यक्रम Rufford Foundation Project अन्तर्गतको हो। कार्यक्रम पाल्पाको रामपुरमा अवस्थित खैरेनी सामुदायिक वनका "डङ्गर गिद्ध" संरक्षणका विषयमा केन्द्रीत थियो। जिल्ला पशुसेवा कार्यालयका प्रमुख तुलसीराम भण्डारी, जिल्ला वन कार्यालयका सहायक वन अधिकृत ज्योती प्रसाद कोइराला, अँधेरी छरछरे सामुदायिक वन, मदन पोखराका अध्यक्ष दिलमाया सिन्जाली र भूतपुर्व अध्यक्ष बुद्धि बस्यालको सहभागितामा उक्त कार्यक्रम आयोजना गरिएको थियो। यसैगरी खैरेनी सामुदायिक वन उपभोक्ता समिति रामपुर पाल्पाका प्रतिनिधिहरू,स्थानीय समुदाय र पशुसेवा केन्द्र रामपुर पाल्पाका ३१ जना इन्चार्जहरूको सहभागिता रहेको थियो। नेपाल पन्छी संरक्षण संघका फिल्ड अधिकृत भुपाल नेपालीले गिद्धको महत्व, गिद्ध संरक्षणका चुनौती र गिद्ध संरक्षणको लागि पन्छी संरक्षण संघको पहलहरूका विषयहरूमा आफ्नो प्रस्तुती दिनुभएको थियो। कार्यक्रमका प्रमुख अतिथि जिल्ला पशुसेवा कार्यालयका प्रमुख तुलसीराम भण्डारीले गिद्धको लागि हानिकारक "डाइक्लोफेनेक" तथा पशु उपचार र गिद्धलाइ असर नगर्ने "मेलोक्सिक्याम" को विषयमा आफ्नो प्रस्तुती राख्नुभएको थियो। त्यसैगरी जिल्ला वनका सहायक अधिकृत ज्योती प्रसाद कोइरालाले गिद्ध संरक्षणमा सामुदायिक वन उपभोक्ता समिति र स्थानीय समुदायको भूमिकाबारे प्रकाश पार्नु भयो।




## पाल्पामा नेपालका गिद्ध संरक्षकहरूको भेला

नेपालमा गिद्धको सङ्ख्या घट्दै गएको र यो स्थितिलाइ रोक्नका लागि नेपाल पन्छी संरक्षण संघले ११ र १२ जुन  २०१५ मा दुईदिने गिद्ध संरक्षण र व्यवस्थापन तालिम सञ्चालन गरेको थियो। यस तालिमका विषयवस्तु गिद्ध संरक्षणमै केन्द्रित रहेको थियो। उक्त तालिमले गिद्ध संरक्षण सरोकारवाला संस्थालाइ अझ नजिक ल्याउनका साथसाथै डाइक्लोफेनेक जस्तो गिद्धका लागि हानिकारक पदार्थ (औषधि) लाई वातावरणबाट पूर्ण रूपमा हटाउन सुरक्षित गिद्ध फिडिङ् साइटको दिगो व्यस्थापन र गिद्ध अनुसन्धान तथा अनुगमनका तथ्याङ्क व्यस्थापनमा मद्दत पुग्ने विश्वास गरिएको छ।

पश्चिम नेपालको तल्लो भेग र मध्य पहाडी भेगगरी १२ जिल्लाको १४ वटा समुदायमा आधारित संस्थाका २४ प्रतिनिधिहरूले उक्त कार्यक्रममा स्थानीय तहमा गिद्ध संरक्षणका चुनौति एवम् भावी दिनमा गिद्ध संरक्षणका लागि चाहिने रणनीतिहरूका बारेमा छलफल गरेका थिए। नेपाल पन्छी संरक्षण संघका गिद्ध विज्ञहरूले सो तालिमलाइ सञ्चालन गर्नुभएको थियो। सोही कार्यक्रममा स्थानीय तहमा बसेर गिद्ध संरक्षणमा मद्दत पुऱ्याउने व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो। नेपालले विश्वमै पहिलो पटक "Vulture Safe Zone" को अवधारणा ल्याएको छ र सोही अवधारणा अनुरूप विश्वमै पहिलो पल्ट नेपालको पश्चिम तराई तथा मध्यपहाडमा "Vulture Safe Zone" स्थापना गरिएको छ। हालसम्म स्थानीय समुदायको सहकार्यमा ४६ जिल्लाको कूल १०१, १६० वर्ग कि. मि. को क्षेत्रफललाई डाइक्लोफेनेक मुक्त घोषणा गरिसकिएको छ।



## विरगंज, पर्सामा जिल्ला स्तरीय सरोकारवाला कार्यशाला सम्पन्न

पर्साको विरगंजमा २४ जुन, २०१५ मा एकदिने कार्यशाला आयोजना गरिएको थियो। उक्त कार्यशाला नेपाल पन्छी संरक्षण संघले जिल्ला वन कार्यालय र जिल्ला पशु सेवा कार्यालयको सहयोगमा आयोजना गरिएको थियो। यस कार्यशालालाई USAID को हरियो वन कार्यक्रमको सहयोग पनि रहेको थियो। उक्त कार्यशालाको सभापति जिल्ला वन कार्यालयका जिल्ला वन अधिकृत राज बहादुर राउत रहनुभएको भने प्रमुख अतिथि जिल्ला प्रशासन अधिकृत केशवराज घिमिरे रहनुभएको थियो। उक्त कार्यशालाका मुख्य विषयवस्तु यस प्रकार छन्:

क) गिद्ध संरक्षणका विवरण तथा चुनौति।
ख) पर्सा जिल्लामा गिद्धको अवस्था।
ग) पर्सा जिल्लामा डाइक्लोफेनेक प्रयोगको अवस्था।
घ) गिद्ध संरक्षणमा सरोकारवालाहरूको भूमिका।

सोही कार्यक्रममा जिल्ला पशु सेवा कार्यालयका प्रमुख डा. राम परिचन शाहले डाइक्लोफेनेक पूर्ण रूपमा हटाउनुपर्ने र त्यसको विकल्पमा पशु उपचारमा मेलोक्सिक्याम प्रयोग गर्नुपर्ने कुरामा जोड दिनभयो।

जिल्ला वन कार्यालय पर्सा, जिल्ला पशु सेवा कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, जिल्ला कृषि विकास कार्यालय, पशु क्वारान्टाइन कार्यालय, नेपाल पारा भेटेरीनरी तथा लाइभस्टक एसोसिएसन जिल्ला समिति, नेपाल भेटेरीनरी एसोसिएसन, FECOFUN, ACOFUN, ग्रीन थोथ नेपाल पर्सा, पशु स्वास्थ्य कार्यकर्ता, फार्मेसी व्यवसायी, स्थानीय युवा तथा सन्चारकर्मी गरी कूल ३५ जनाको सहभागिता रहेको थियो।

## पशु-सेवा प्रशिक्षण कार्यशाला आयोजना

जिल्ला पशुसेवा कार्यालय - पाल्पाको सहयोगमा पन्छी संरक्षण संघले एकदिने प्रशिक्षण कार्यशाला सम्पन्न गरेको थियो। कार्यक्रम २८ जुलाइ, २०१५ का दिन पाल्पामा आयोजना गरिएको थियो। सो कार्यशाला गिद्धको घट्दो जनसङ्ख्याका कारणहरू र यसमा पशु चिकित्सकको सकारात्मक भूमिकामाथि केन्द्रित रहेको थियो। कार्यक्रममा नेपाल पारा-भेटेरीनरी एण्ड लाइभस्टक एसोसिएसन जिल्ला शाखा पाल्पाका प्रमुख डा. तुलसीराम भण्डारीले गिद्ध संरक्षण अन्तर्गतको प्रमुख कार्यसूची "No Diclofenac, Yes Vulture" को नारा माथि आफ्नो पूर्ण प्रतिबद्धता रहेको प्रष्ट्याउनु भयो। कार्यक्रममा २६ जना ग्रमिण पशु स्वास्थ्य कार्यकर्ता र अन्य पशु औषधी व्यवसायी गरी कुल ३२ जनाको सहभागिता रहेको थियो।



यसैगरी सन्धीखर्क, अर्घाखाँचीमा पनि १० अगष्ट, २०१५ का दिन सोही प्रशिक्षण कार्यशाला आयोजना गरिएको थियो। कार्यक्रमको सहजीकरण जिल्ला पशुसेवा कार्यालय, अर्घाखाँचीका प्रमुख डा. अर्यान मण्डलले गर्नुभएको थियो र उक्त कार्यक्रममा उहाँले गिद्धहरूमा डाइक्लोफेनेकको नकारात्मक असर र यसको विकल्पमा मेलोक्सिक्याम प्रयोगमाथि प्रकाश पार्नुभयो। समितिका अध्यक्ष दिल बहादुर रानाभाटले त्यहाँका तत्कालीन गिद्धको अवस्था एवम् पर्यावरणमा गिद्धको भूमिकामा प्रष्ट पार्नुभयो। कार्यक्रममा पशु-स्वास्थ्य कार्यकर्ता, पशु औषधि व्यवसायी, पशुसेवा केन्द्र र पशुसेवा कार्यालयका कार्यकर्ता गरी जम्मा ४६ जनाको सहभागिता रहेको थियो।

## गिद्ध संरक्षण कार्ययोजना (२०१५ - २०१८)

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले नेपाल पन्छी संरक्षण संघको संयोजकत्वमा गिद्ध संरक्षण कार्ययोजना (२०१५ - २०१८) प्रकाशन गरेको छ। सो पाँच वर्षे कार्ययोजना पुस्तकको ३१ जुलाई, २०१५ मा पत्रकार सम्मेलन कार्यक्रम समारोहमा कार्यक्रमका सभापति तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक टिकाराम अधिकारी ज्यूले विमोचन गर्नुभएको थियो। उक्त कार्यक्रममा विभिन्न सरकारी गैरसरकारी प्रतिनिधि तथा संचारकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका प्रवक्ता डा. महेश्वर ढकालले डाइक्लोफेनेकको नकारात्मक असरहरू र गिद्धको मृत्यु र घट्दो सङ्ख्यामा जोड दिनुभयो। उहाँले Vulture Conservation Breeding Center को अवस्थाको बारेमा प्रकाश पार्दै विभिन्न राष्ट्रिय र क्षेत्रीय स्तरका संस्थाहरूसँगको पहलमा डाइक्लोफेनेक प्रयोग प्रतिबन्ध गर्दै आएको जानकारी गराउनु भएको थियो।

नयाँ कार्ययोजना अनुसार यसको मुख्य लक्ष्य गिद्धलाइ लोप हुनबाट बचाउँनु रहेको छ। डा. ढकालका अनुसार यस कार्ययोजनाको सफलताको लागि सशक्त संजाल, समूहगत कार्य तथा सरोकारवालाहरूको सहयोग अति आवश्यक रहेको छ।




## नेपालमा रहेका सामुदायिक वनहरुमा जैविक विविधता तथा पर्यावरणीय सेवाहरुको मूलप्रवाहीकरण परियोजना अन्तर्गत एक दिने क्षेत्रीय गोष्ठी सम्पन्न

२६ सेप्टेम्बर २०१५ मा राष्ट्रिय वन विभाग र FECOFUN को सहकार्यमा नेपाल पन्छी संरक्षण संघले एक दिने क्षेत्रीय गोष्ठी आयोजना गरेको थियो। सो गोष्ठी नेपालमा रहेका सामुदायिक वनहरूमा जैविक विविधता तथा पर्यावरणीय सेवाहरुको मूलप्रवाहीकरण परियोजनाको विषयमा केन्द्रीत रहेको थियो। कार्यक्रमको प्रमुख उद्देश्य नेपालका मध्य-पहाडी क्षेत्रका सात जिल्ला (चितवन, बागलुङ्ग, पर्वत, म्याग्दी, तनहुँ, स्याङ्जा र कास्की) मा जैविक विविधता संरक्षण र पर्यावरणीय सेवाको स्थिति र चुनौतीहरूका विषयमा छलफल गर्नु रहेको थियो। कार्यक्रमका प्रमुख कृष्ण प्रसाद पोखरेलले सामुदायिक वनहरूमा जैविक विविधता तथा पर्यावरणीय सेवाहरुका मुख्य भूमिकामाथि प्रकाश पार्नु भयो। कार्यक्रमको अन्त्यमा राष्ट्रिय वन विभागका उप-सचिव दधि कँडेलले नेपालमा रहेका सामुदायिक वनहरुमा जैविक विविधता तथा पर्यावरणीय सेवाहरुको मूलप्रवाहीकरणका विषयमा निकै कम ध्यान गएको र यस विषयमा सम्बन्धित निकायहरुको ध्यानाकर्षण जरुरी रहेको कुरामा जोड दिनुभयो।

## देशभर सातौँ अन्तराष्ट्रिय गिद्ध सचेतना दिवस मनाइयो

दिन प्रतिदिन घट्दै गईरहेका लोपोन्मुख गिद्धको संरक्षण सचेतना अभिबृद्धि गर्ने उद्देश्यले विश्वभरी नै मनाइएको सातौँ अन्तराष्ट्रिय गिद्ध सचेतना दिवस यस वर्षपनि नेपालभर भव्यताका साथ मनाइएको छ। प्रत्येक वर्ष अंग्रेजी महिना सेप्टेम्बरको पहिलो शनिबार मनाइने अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस यस वर्ष सेप्टेम्बर ५ अर्थात भदौ १६ गते मनाइएको हो। यस अवसरमा नेपालका ११ जिल्लाका १६ वटाभन्दा बढी सामुदायिक संस्थाहरू, गैर सरकारी संस्थाहरू, विद्यालय, क्याम्पस, विभिन्न सरकारी निकायहरू तथा संचार माध्यमहरूको संलग्नतामा विभिन्न सचेतनामूलक र्याली, तीज गीत प्रतियोगिता, क्याम्पस तथा विद्यालय स्तरीय संरक्षण शिक्षामूलक प्रतियोगिताहरू, गिद्ध तस्वीर तथा चित्रकला प्रदर्शनी, सडक नाटक, अन्तरक्रिया तथा रेडियो कार्यक्रम गरी मनाइएको हो। यस वर्षदेखि गिद्ध सुरक्षित आहार केन्द्रमा गिद्ध दिवसको दिन गिद्ध महोत्सव मनाउने कार्यको थालनी पनि गरिएको छ।

## राष्ट्रिय संरक्षण दिवस समारोह

२४ सेप्टेम्बर २०१५ का दिन एक विशेष समारोह आयोजना गरी ८ औं राष्ट्रिय





संरक्षण दिवस मनाइयो। यस वर्ष राष्ट्रिय संरक्षण दिवसको मूल नारा, “पुनर्निर्माण गरौँ थातथलो, गर्दै संरक्षणमा हातेमालो” रहेको थियो। कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधान न्यायधीश कल्याण श्रेष्ठ रहनुभएको थियो भने कार्यक्रमका सभापति वन तथा भू-संरक्षण मन्त्री महेश आचार्य हुनुहुन्थ्यो। कार्यक्रमका अवसरमा नेपाल पन्छी संरक्षण संघले यस वर्षको जटायू रिसर्च ग्रान्ट अन्तर्गत दुइवटा छात्रवृति पुरस्कार यसपालीका विजेता पुष्पा भण्डारी र बिजेता थापालाइ हस्तान्तरण गरेको थियो। नेपाल पन्छी संरक्षण संघले जटायू रिसर्च ग्रान्ट मार्फत् प्रत्यक वर्ष स्नातकोत्तर अध्ययन गर्न चाहने र गिद्ध संरक्षण अनुसन्धानमा सहयोग पुऱ्याउने दुइ योग्य विद्यार्थीलाइ छात्रवृति प्रदान गर्दै आएको छ। यसैगरी सोही कार्यक्रमबाट नेपाल पन्छी संरक्षण संघ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको सहकार्यमा प्रकाशित "Birds of Rara" नामक किताबको विमोचन गरेको थियो। यस किताबमा रारा राष्ट्रिय निकुञ्ज क्षेत्रमा देखिएका चराहरूको तथ्याङ्क सङ्कलन् एवम् समावेशी गरिएको छ।



## बारा, पर्सा र रौतहटमा पशु स्वास्थ्यकर्मी तालिम सम्पन्न

नेपाल पन्छी संरक्षण संघले जिल्ला पशुसेवा कार्यालय बारा, पर्सा र रौतहटको सहकार्यमा एक दिने पशु स्वास्थ्यकर्मी तालिम सम्पन्न गरेको छ। उक्त कार्यक्रमलाई USAID हरियो वन कार्यक्रमको सहयोग रहेको थियो। यस तालिमको मुख्य उद्देश्य सहभागीहरूलाई गिद्धको अवस्था, वातावरण स्वच्छ राख्न गिद्धको महत्वपूर्ण भूमिका, यसको इतिहास, गिद्धको घट्दो सङ्ख्या तथा गिद्ध संरक्षणमा पशु स्वास्थ्यकर्मीको भूमिको बारेमा तालिमका साथै शिक्षा प्रदान गर्नु रहेको थियो। यस तालिमको प्रमुख विषय "No Diclofenac, Yes Vulture" थियो।

## विद्यालय जनचेतना कार्यक्रम

विद्यार्थी भनेका भोलीका जिम्मेवार नागरिक हुन् र विद्यालय भनेको आजका विद्यार्थीलाइ भोलीका जिम्मेवार नागरिक बनाउने थलो हो। यही कुरालाइ मध्ये नजर गर्दै गिद्धको अवस्था, गिद्ध संरक्षणमाआइपरेका चुनौतिहरू र गिद्ध - प्रकृतिको कुचीकार हो भन्ने कुराको सन्देश विद्यार्थीहरूलाइ दिने उद्देश्यले अर्घाखाँची र पाल्पाका विभिन्न स्थानका माध्यमिक र उच्च माध्यमिक गरी जम्मा १० वटा विद्यालयमा जनचेतना कार्यक्रम सन्चालन गरिएको थियो। सो कार्यक्रममा ३३२ विद्यार्थी र २८ शिक्षक शिक्षकाको उत्सुकतापूर्ण सहभागिता रहेको थियो। कार्यक्रममा गिद्ध संरक्षण सम्बन्धी पोस्टर र जानकारी मूलक पर्चाहरू वितरण गरिएको थियो। नेपाल पन्छी संरक्षण संघ एवम् स्थानीय गिद्ध संरक्षण निकायको संयोजकत्वमा उक्त कार्यक्रम सम्पन्न गरिएको थियो।


| | |
|---|---|
| • *सम्पादक* | सन्जय अधिकारी |
| • *समन्वयकर्ता* | सविन लामिछाने |
| • *भाषा शुद्धिकरण* | विदुर कोइराला |
| • *लेआउट* | क्यालिग्राफिक डिजाइन स्टुडियो |
| • *प्रकाशक* | नेपाल पन्छी संरक्षण संघ |


## सदस्यता

श्री प्रदीप खनाल यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ WWF Nepal मा वरिष्ठ अधिकृतका रुपमा कार्यरत हुनुहुन्छ।

डा. हेमन्त मिश्र यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँको वन्यजन्तु संरक्षण तथा अनुसन्धानमा विशेष योगदान रहेको छ।

श्री हेम बहादुर कटुवाल यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ नेपाल पन्छी संरक्षण संघमा अनुसन्धान अधिकृतको रुपमा कार्यरत हुनुहुन्छ।

श्री संजय अधिकारी यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ नेपाल पन्छी संरक्षण संघमा संचार अधिकृतको रुपमा कार्यरत हुनुहुन्छ।

श्री कमल हरि भण्डारी यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ नेपाल पन्छी संरक्षण संघमा परियोजना अधिकृतको रुपमा कार्यरत हुनुहुन्छ। उहाँ पन्छी अवलोकनमा विशेष रुचि राख्नुहुन्छ।

श्री भरत पन्थी यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ नेपाल पन्छी संरक्षण संघमा सहायक परियोजना अधिकृतको रुपमा कार्यरत हुनुहुन्छ। उहाँ पन्छी अवलोकनमा विशेष रुचि राख्नुहुन्छ।

श्री सबिन लामिछाने यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ नेपाल पन्छी संरक्षण संघमा सदस्यता एसोसिएटको रुपमा कार्यरत हुनुहुन्छ। उहाँ पन्छी अवलोकनमा विशेष रुचि राख्नुहुन्छ।

श्री पर्वत राज थानी यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ नेपाल पन्छी संरक्षण संघमा परियोजना अधिकृतको रुपमा कार्यरत हुनुहुन्छ। उहाँ पन्छी अवलोकनमा विशेष रुचि राख्नुहुन्छ।

डा. भुवन केशर शर्मा यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ पन्छी अवलोकनमा विशेष रुची राख्नुहुन्छ।

श्री ठिले लामा शेर्पा यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ पेशाले ट्रेकिङ्ग गाइड हुनुहुन्छ। उहाँ पन्छी अवलोकनमा विशेष रुचि राख्नुहुन्छ।

श्री हेमन्त ढकाल यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ पन्छी प्रेमी हुनुहुन्छ।

श्री सहजमान श्रेष्ठ यस संघमा आजीवन सदस्य हुनुभएको छ। उहाँ नेपाल वातावरण पत्रकार महासंघमा अध्यक्षको रुपमा कार्यरत हुनुहुन्छ। उहाँ पन्छी अवलोकनमा विशेष रुचि राख्नुहुन्छ।


*यस त्रैमासिक पत्रिकाको प्रकाशन सहयोगी संस्थाहरू*

rspb giving nature a home

Royal Society for the Protection of Birds, UK

BirdLife INTERNATIONAL

BirdLife International





# BirdLife International

**BirdLife International** विश्वभरिका चरा संरक्षण गर्ने संस्थाहरूसँग साझेदारी, प्रतिनिधि नियुक्त गरेर वा लगनशील पन्छीविद् व्यक्तिहरूसँग मिलेर काम गर्ने संस्था हो। नेपाल पन्छी संरक्षण संघ यस संस्थाको नेपालका लागि साझेदार संस्था हो।

**BirdLife International** ले विश्वभरिका चराहरू र त्यसको बासस्थान संरक्षणका लागि काम गर्नु र यसबाट जैविक विविधता जगेर्ना गर्ने गर्दछ। यसले चराहरूलाई परिरहेको समस्या तिनीहरूको बासस्थान र विश्व वातावरणलाई सामाजिक, आर्थिक र साँस्कृतिक पक्षसँग अन्तर सम्बन्ध स्थापित गरी वातावरणीय तथा सामुदायिक दिगो विकास गर्ने प्रमुख लक्ष्य राखेको छ।

**BirdLife International** ले चराहरूका लागि महत्वपूर्ण योगदान गरेको छ। चराहरू वातावरणका संकेतक हुन् र यिनीहरूले वातावरणीय प्रक्रियामा महत्वपूर्ण योगदान गर्दछन्। यिनीहरूले मानवको प्राकृतिक प्रक्रिया बुझ्न मद्दत गर्दछन्। पन्छीहरूको निकै ठूलो आर्थिक महत्व छ र तिनीहरूले मानव समुदायलाई धार्मिक तथा साँस्कृतिक रूपले शताब्दीऔंदेखि उत्साहित र आनन्दित पार्दै आएका छन् जसले वातावरणीय चेतना बढाउँने अन्तर्राष्ट्रिय दूतको रूपमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन्।

### *BirdLife International कार्यक्रम तथा उद्देश्यहरू*

१. विश्वव्यापी रुपमा पन्छी विविधता तथा तिनका वैज्ञानिक अध्ययन अनुसन्धान र अनुगमन गर्ने।
२. विश्वव्यापी रुपमा पन्छी संरक्षण र यिनीहरूको विविधता, प्राकृतिक स्रोतको दिगो विकासका बारेमा नियम बनाउँने तथा त्यसबारे प्रकाश पार्ने।
३. वन्यजन्तु र मानव समाजका लागि सामुदायिक रूपमा भू-भागको सदुपयोग गर्न राष्ट्रिय रूपमा कार्यक्रम गर्ने।
४. पन्छी र यसको संरक्षणका लागि विभिन्न मुलुकमा रहेका संरक्षण सम्बन्धी संस्था तथा व्यक्तिहरूसँग सम्बन्ध स्थापित गर्ने।

बर्डलाइफ इन्टरनेशनलका प्रमुख कार्यहरू मध्ये पन्छीहरूका महत्वपूर्ण क्षेत्रहरू (Import Bird Area, IBA) पत्ता लगाई त्यसको तथ्याङ्क राख्नु हो। नेपालमा पनि पन्छीका महत्वपूर्ण क्षेत्रहरू तयार पार्ने कार्य नेपाल पन्छी संरक्षण संघले गरेको छ।

# नेपाल पन्छी संरक्षण संघ

## *Bird Conservation Nepal*



नेपाल पन्छी संरक्षण संघ चरा र चराको बासस्थानको संरक्षणमा काम गर्ने अग्रणी गैर सरकारी संस्था हो। सन् १९८२ मा स्थापित यस संस्थाको जनसाधारणमा चराहरूका बारेमा ज्ञान अभिबृद्धि गर्ने, चराहरूको विविधता तथा जीवनचक्रबारे अनुसन्धान गर्ने, चराहरूलाई पर्ने प्रमुख खतरा पत्ता लगाउने र तिनीहरूको वासस्थान संरक्षण गरी विभिन्न समुदायको जीविकोपार्जनमा पनि टेवा दिने मूल सिद्धान्त रहेको छ। यस संस्थाले विगतका वर्षहरूमा जैविक विविधता संरक्षणका साथै नेपालका २७ पन्छी संरक्षणका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय स्तरको क्षेत्रहरू घोषणा गरी कार्यक्रम गर्दै आइरहेको छ।

नेपाल पन्छी संरक्षण यसका संस्थापक, अध्यक्ष, संरक्षकहरू, आजीवन सदस्यहरू, संघका शुभचिन्तकहरू तथा क्रियाशील समर्थकहरू रहेका संस्था हो।

यो संघ अन्तर्राष्ट्रिय संस्था बर्डलाईफ इन्टरनेशनलका १२० सदस्य देशहरू मध्येमा यस संस्था पनि **Partner** संस्था हो भने, हाल यसले एसियाकै सकंटापन्न जटायु संरक्षणमा देशभरी विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिरहेको छ।


**नेपाल पन्छी संरक्षण संघ**
पोष्ट बक्स १२४६५, काठमाण्डौ, नेपाल
फोन ४४१७८०५, ४४२०२१३, फ्याक्स ४४१३८८४
इमेल bcn@birdlifenepal.org
वेबसाइट www.birdlifenepal.org


© २०७२ सर्वाधिकार नेपाल पन्छी संरक्षण संघमा निहित छ। यसमा प्रकाशित लेख र रचना लेखकका आफ्नै विचारहरू हुन्।